**सोलुदुधकुण्ड नगरपालिका, कोशी प्रदेश**

**༄། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་རྗེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།**

# स्थानीय राजपत्र

**खण्ड : ६ संख्या : १ मिति : २०८०।०४।२७**


# भाग- २

## सूचना १

नगरसभाबाट स्वीकृत मिति: २०८०।०३।३०

**सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५**

**प्रमाणिकरण मिति २०७५/०२/०९ गते**

**सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा( पहिलो संशोधन) ऐन, २०८०**

**प्रमाणिकरण मिति २०८०/०३/३० गते**

प्रस्तावनाः आधारभूत तथा माध्यमिक शिक्षाको जग गुणस्तरीय शिक्षाको माध्यमबाट बलियो बनाउदै नगरपालिकाको शैक्षिक विकास मार्फत राष्ट्र निर्माणको गतिलाई अगाडी बढाउन सक्षम एवं प्रतिस्पर्धी जनशक्ति तयार गर्न तथा विद्यालय शिक्षा बाहिर रहेकाहरुलाई शिक्षाको अनौपचारिक माध्यमबाट सबल बनाउन नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र दफा १०२ को अधिकार प्रयोग गरी सोलुदुधकुण्ड नगरपालिकाको दोश्रो नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन सोलुदुधकुण्ड राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति" भन्नाले तोकिए बमोजिमको शर्त तथा मापदण्ड पुरा गरेको विद्यालयलाई विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न नगर शिक्षा समितिले दिएको स्थायी वा अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(ख) ''अनौपचारिक शिक्षा" भन्नाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाई दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको बाबु वा आमा वा बाजे वा बज्यै, सासु वा ससुरा र त्यस्ता नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत सम्झनुपर्छ।

(घ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ङ) बमोजिम शिक्षा दिने विद्यालय सम्झनुपर्छ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(च) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सम्झनुपर्छ।

(छ) "आवासीय विद्यालय" भन्नाले तोकिएको पुर्वाधार विकास गरी आवास सहितको सुविधा प्रदान गर्ने विद्यालयलाई सम्झनुपर्छ।

(ज) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(झ) "कार्यपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ञ) "कार्यालय" भन्नाले सोलुदुधकुण्ड नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ठ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई सम्झनुपर्छ।

(ड) "नगर शिक्षा समिति" भन्नाले दफा ८ बमोजिमको नगर शिक्षा समिति सम्झनुपर्छ।

(ढ) "निरन्तर शिक्षा" भन्नाले साक्षरोत्तर शिक्षा पूरा गरिसकेका व्यक्तिलाई दिइने शिक्षा सम्झनुपर्छ।

(ण) "प्रमुख" भन्नाले सोदुदुधकुण्ड नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(थ) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले ३ देखि ४ वर्ष उमेर पुरा भएका समूहको बालबालिकाको लागि शारीरिक, मानसिक र बौद्धिक विकास गर्न खोलिएका बाल विकास केन्द्र वा शिशु कक्षा वा नर्सरी कक्षा वा किन्डर गार्डेन सम्झनुपर्छ।

(द) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट सिपयुक्त जनशक्ति उत्पादनको लागि दिइने माध्यमिक शिक्षा सम्झनुपर्छ।

(ध) "माध्यमिक विद्यालय" भन्नाले माध्यमिक शिक्षा अध्यापन हुने विद्यालय सम्झनुपर्छ।

(न) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(प) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(फ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(ब) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई सम्झनुपर्छ।

(भ) "शिक्षक अभिभावक संघ" भन्नाले दफा १६ बमोजिको शिक्षक अभिभावक संघ सम्झनुपर्छ।

(म) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनुपर्छ।

(य) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(र) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः–

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहीत वातावरणमा दिइने शिक्षा ।

(ल) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(व) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(श) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन, अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(ष) "सार्वजनिक लेखा परीक्षण" भन्नाले विद्यालयमा भएको लागानीको सरोकारवालाहरुले गर्ने लेखाजोखा सम्झनुपर्छ ।

(स) "सामाजिक परीक्षण" भन्नाले विद्यालयको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनुपर्छ ।

**परिच्छेद २**

**शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण र विद्यालय पूर्वाधारको मापदण्ड**

**३. शिक्षाको प्रकारः** (१) नगरपालिकामा प्रदान गरिने शिक्षा देहाय अनुसारका हुनेछन् –

(क) औपचारिक विद्यालय शिक्षा

(ख) अनौपचारिक शिक्षा

(ग) विशेष शिक्षा

(२) औपचारिक विद्यालय शिक्षामा देहाय अनुसारका तह हुनेछन् –

(क) ३ वर्ष पुरा भएका बालबालिकाका लागि शिशु विकास केन्द्र र ४ वर्ष पुरा भएका बालबालिकाकालागि पूर्व प्राथमिक शिक्षा सहितको प्रारम्भिक बाल विकास शिक्षा,

(ख) ५ वर्ष उमेर पुरा भएका बालबालिकाका लागि कक्षा १ देखि उमेर अनुसार क्रमशः कक्षा ८ सम्मको आधारभूत विद्यालय शिक्षा,

(ग) १३ वर्ष उमेर पुरा भएका बालबालिकाका लागि कक्षा ९ देखि उमेर अनुसार क्रमशः कक्षा १२ सम्मको माध्यमिक विद्यालय शिक्षा ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको माध्यमिक शिक्षालाई देहाय अनुसार वर्गीकरण गरिएकोछः–

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत वा नेपाल सरकारबाट भाषामा आधारित शिक्षा प्रदान गर्ने गरी स्वीकृत भएको माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा व्यवहारिक तथा प्रयोगात्मक अभ्यासको लागि एक वर्ष अवधि थप हुनेछ ।

(५) दफा (१)को खण्ड (ख) बमोजिमको शिक्षाको लागि नगरपालिकाले विद्यालयमा भर्ना भई निरन्तर रुपमा शिक्षा हासिल गर्न नसक्नेहरुका लागि प्रौढ शिक्षा, साक्षरोत्तर र निरन्तर शिक्षाको व्यवस्था मिलाउनु पर्नेछ। अनौपचारिक शिक्षाका लागि नगरपालिकाले आवश्यकता अनुसारको विधि अपनाउन सक्नेछ।

(६) दफा (१) को खण्ड (ग) बमोजिमको विशेष शिक्षाको लागि नगरपालिकाले दृष्टिविहीन, बहिरा, अटिज्म, वौद्धिक रुपमा फरक क्षमता भएका, सुस्त श्रवण वा अन्य स्वरुपको फरक क्षमता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्नेछ। नगरपालिकाले विशेष शिक्षा सम्बन्धी कार्यक्रमका लागि कुनै खास विद्यालयलाई छनौट गर्न सक्नेछ।

४. **विद्यालयको वर्गीकरण:** (१) विद्यालयलाई देहाय अनुसार वर्गीकरण गरिनेछ,

(क) सम्म कक्षा सञ्चालन गर्ने आधारभूत तहको (आठ) ८ देखि कक्षा (प्रारम्भिक बाल विकास) शिशु कक्षा विद्यालय

(ख) सम्म कक्षा सञ्चालन गर्ने माध्यमिक तहको विद्यालय। (बाह्) १२ देखि कक्षा (नौ) ९ कक्षा

(२) उपदफा (१) बमोजिमका आधारभूत तहको विद्यालय र माध्यमिक तहको विद्यालय भौतिक पूर्वाधार, शिक्षक तथा विद्यार्थीको संख्या तथा स्रोतको उपलब्धताका आधारमा एउटै विद्यालय वा अलग अलग विद्यालयमा सञ्चालन गर्न सकिनेछ।

(३) आधारभूत तहको विद्यालय र माध्यमिक तहको विद्यालयले आवश्यकता अनुसार प्रारम्भिक बाल विकासका कक्षा समेत सञ्चालन गर्न सक्नेछन्।

(४) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **विद्यालय पूर्वाधारको मापदण्डः** (१) विद्यालयमा देहाय अनुसारको न्यूनतम मापदण्ड भएको हुनुपर्नेछः–

(क) आधारभूत विद्यालयका कक्षा कोठामा प्रति विद्यार्थी ०.७५ वर्गमिटर तथा माध्यमिक विद्यालयको कक्षा कोठामा प्रति विद्यार्थी १.०० वर्गमिटर शिक्षक र विद्यार्थी आवागमनका लागि पर्याप्त खुला स्थानको व्यवस्था।

(ख) अतिरिक्त क्रियाकलापका लागि विद्यालय भवनले ओगटेको भूभाग बाहेक नगरपालिकाले तोके बमोजिमको पर्याप्त खुला क्षेत्रको व्यवस्था।

(ग) बालबालिकाका लागि उमेर अनुसारको खेलकूद पूर्वाधारको व्यवस्था

(घ) पाठ्यक्रम अनुसारको प्रयोगात्मक परीक्षाको लागि आवश्यक प्रयोगशाला तथा अभ्यास कक्षा कोठाको व्यवस्था

(ङ) कक्षा कोठामा अधिकतम तीस जना विद्यार्थी रहने व्यवस्था

(च) कक्षा ३ सम्मको विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम दुई जना, कक्षा पाँच सम्म शिक्षा प्रदान गर्ने विद्यालयमा न्यूनतम तीन जना र सो भन्दा माथि शिक्षा प्रदान गर्ने विद्यालयमा प्रत्येक विषयका लागि न्यूनतम एक–एक जना

शिक्षकको व्यवस्था। साथै विद्यार्थी संख्या र कक्षाको सेक्शनका आधारमा एउटा शिक्षकलाई दैनिक बढीमा छ वटा मात्र कक्षा पर्ने गरी विषय शिक्षकको व्यवस्था।

(छ) विद्यालयमा स्वच्छ, सफा र सुरक्षित खानेपानीको व्यवस्था तथा छात्र तथा छात्राका लागि अलग अलग शौचालय तथा शौचालयमा पर्याप्त पानीको व्यवस्था।

(ज) सफा र हरियालीयुक्त विद्यालय परिसर तथा बालबालिका, अपाङ्ग, महिला अनुकूल विद्यालयका पूर्वाधारको व्यवस्था।

(झ) एउटा डेस्क बेञ्चमा तीन जना विद्यार्थी राख्न सकिने कम्तीमा डेढ फिट चौडाइ र पाँच फिट लम्बाइ भएको डेस्क र सो डेस्कको आकार सुहाउँदो नापको बेञ्चको व्यवस्था।

(ञ) कक्षा कोठामा पर्याप्त भेन्टिलेसन तथा प्रकाशको व्यवस्था।

(ट) तोकिए बमोजिमका पाठ्यसामग्री तथा पुस्तकालयको व्यवस्था।

(ठ) विपतको बेला विद्यार्थी शिक्षक तथा कर्मचारी सुरक्षित रुपमा बाहिर निस्कने वैकल्पिक निकासको व्यवस्था।

(२) छात्रावास राख्ने विद्यालयले उपदफा (१) बमोजिमको मापदण्डमा देहायका मापदण्ड समेत पुरा गर्नु पर्नेछः–

(क) छात्र तथा छात्राका लागि अलग अलग छात्रावास तथा अलग अलग वार्डेनको व्यवस्था।

(ख) न्यूनतम साईज पन्ध्र वर्गमीटर भएको छात्रावासको कोठा र एउटा कोठामा बढीमा तीन जना छात्र वा छात्रा अट्ने गरी खाट, टेबल र कुर्सीको व्यवस्था।

(ग) छ जना छात्र वा छात्रा बराबर एक शौचालय तथा शौचालयमा पर्याप्त पानीको व्यवस्था।

(३) छात्रावासमा बस्ने छात्र वा छात्राको उमेर बाह्र वर्ष पुरा भएको हुनु पर्नेछ तर बाबु आमा वा अरु कुनै अभिभावक नभएको अनाथ वा अन्य उपयुक्त कारण भएका बालबालिकालाई बाह्र वर्ष नपुगेकै कारणले छात्रावासमा राख्न बाधा पर्ने छैन।

(४) विद्यालयले कार्ययोजना बनाई चार वर्ष भित्रमा उपदफा (१) र (२) मा तोकिएको विद्यालय तथा छात्रावासको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्ययोजना विद्यालयले यो ऐन लागू भएको ६ महिनाभित्र कार्यालयमा बुझाउनु पर्नेछ।

(६) सामुदायिक विद्यालयमा उपदफा (१) र (२) बमोजिमको विद्यालयले न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको ६ महिनाभित्रमा कार्ययोजना बनाई उपदफा (४) मा तोकिएको अवधिभित्र कार्यान्वियन गरिसक्नु पर्नेछ।

(७) संस्थागत विद्यालयले उपदफा (१) र (२) बमोजिमको न्यूनतम मापदण्ड पुऱ्याउन यो ऐन लागू भएको छ महिनाभित्रमा कार्ययोजना बनाई उपदफा (४) मा तोकिएको अवधिभित्र आफैंले कार्यान्वयन गरिसक्नु पर्नेछ।

(८) उपदफा (५) बमोजिमको कार्ययोजनाको नगरपालिकाले अनुगमन तथा मूल्यांकन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(९) उपदफा (१) मा तोकिएको विद्यालयको न्यूनतम मापदण्ड पुरा नगरी नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न पाइने छैन।

## परिच्छेद–३

## विद्यालयको अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

६. **विद्यालय खोल्ने अनुमति सम्बन्धी व्यवस्थाः** (१) समुदाय, व्यक्ति वा संस्थाले नयाँ विद्यालय खोल्न वा तह वा कक्षा थप गर्न आवश्यक देखेमा अनुमतिको लागि वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै नगर शिक्षा समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको अवस्थामा शिक्षा अधिकृत व शिक्षा अधिकृतको काम गर्न तोकिएको अधिकारीले तोकिएको मापदण्ड पूरा भएको देखेमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन नगर शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नगर शिक्षा समितिको वैठकले अनुमति दिन उपयुक्त भएमा आवश्यक शर्त सहित अनुमति प्रदान गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम अनुमति दिंदा आधारभूत तहको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा एक महिना अगावै र माध्यमिक तहको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनु पर्नेछ ।

(६) विद्यालयहरूको अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी प्रक्रिया र मापदण्ड प्रचलित कानून बमोजिम हुनेछ।

७. **प्राविधिक तथा व्यवसायिक शिक्षाको अनुमति एवं रद्द गर्ने सम्बन्धी विशेष व्यवस्थाः** (१) नगरपालिकाले प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि अनुबन्धन दिने अधिकार प्राप्त निकायबाट तोकिएको मापदण्ड र सो निकायको अनुबन्धनका आधारमा मापदण्ड पूरा गर्ने विद्यालय वा संस्थालाई कुनै विषयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) अनुसार अनुमति प्राप्त विद्यालय वा संस्थाले सन्तोषजनक रुपमा तोकिएका कार्य नगरेमा नगरपालिकाले त्यस्तो अनुमति रद्द गर्न सक्नेछ।

तर अनुमति रद्द गर्नु अघि त्यस्ता संस्थालाई सफाईको मौका दिनु पर्नेछ।

८. **नगर शिक्षा समितिको गठनः** (१) नगरपालिका क्षेत्रभित्रका विद्यालय शिक्षाको गुणस्तर सुधार, रेखदेख र व्यवस्थापन गर्न नगरपालिकालाई आवश्यक नीतिगत सुझाव दिन देहाय वमोजिमको नगर शिक्षा समिति रहनेछः

(क) नगरप्रमुख –अध्यक्ष

(ख) नगर उपप्रमुख –सदस्य

(ख) नगरकार्यपालिकाद्वारा मनोनित नगर कार्यपालिकाको एक महिला र एक दलित समेत गरी २ जना सदस्य – सदस्य

(ग) संयोजक, सामाजिक समिति, नगर कार्यपालिका – सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) सामुदायिक विद्यालयमा कम्तिमा १० वर्ष स्थायी सेवा गरेका शिक्षकहरूमध्येबाट सामान्यतः आधारभूत तह र माध्यमिक तहको प्रतिनिधित्व हुने गरी समितिको अध्यक्षले मनोनित गरेको कम्तिमा एक जना महिला सहित २ जना – सदस्य

(च) संस्थागत विद्यालयहरूको प्रतिनिधित्व गर्ने संस्थाहरूमध्येबाट समितिको अध्यक्षद्वारा मनोनित एकजना प्रतिनिधि – सदस्य

(छ) सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट नगर शिक्षा समितिद्वारा मनोनित एक जना अध्यक्ष – सदस्य

(ज) समाजसेवी, शिक्षाविद् र चन्दादाताहरूमध्येबाट समितिद्वारा मनोनित एक महिला सहित २ जना – सदस्य

(झ) नेपाल शिक्षक महासंघको नगर अध्यक्ष वा निजले तोकेको प्रतिनिधि – सदस्य

)ञ) शिक्षा अधिकृत वा शिक्षा अधिकृतको रुपमा काम गर्न तोकिएको कर्मचारी – सचिव

(२) नगर शिक्षा समितिमा आवश्यकतानुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) नगर शिक्षा समितिको वैठक कम्तिमा वर्षको दुई पटक र आवश्यकतानुसार बस्न सक्नेछ।

(४) मनोनीत सदस्यको पदावधि मनोनित भएको मितिले तीन वर्षको हुनेछ।

तर मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

९. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** दफा ८ बमोजिम गठित नगर शिक्षा समितिको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिका क्षेत्रभित्र स्वच्छ एवम् शान्त शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न आवश्यक कार्ययोजना स्वीकृत गर्ने,

(ख) विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ग) विद्यालयलाई आर्थिक सहयोग उपलव्ध गराउन नगरपालिकामा सिफारिस गर्ने तथा विद्यालयहरूलाई क्रमशः आर्थिक रुपमा आत्मनिर्भर बनाउन योजना बनाई कार्यान्वियन गर्ने र गराउने,

(घ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(ङ) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(च) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमहरूलाई सहयोग गर्ने,

(छ) विद्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार अनियमितता देखिएमा तोकिए अनुसारको कारबाही गर्ने/गराउने,

(ज) तोकिएको भन्दा न्यून विद्यार्थी संख्या भएमा वा विद्यालय नै नचाहिने भएमा वा विद्यालयले नियम विपरित बारम्बार कार्य गरेमा आवश्यक प्रकृया पूऱ्याएर त्यस्ता विद्यालय बन्द गर्ने,

(झ) शैक्षिक क्यालेण्डर बनाउने र सो बमोजिम विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ञ) नगरक्षेत्रलाई उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने,

(ट) नगरस्तरीय खेलकुद, स्काउट, सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने,

(ठ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने साथै आवासीय विद्यालयका लागि तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको विषयमा आवश्यक अनुगमन र नियमन गर्ने,

(ड) नगर सभावाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ढ) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम् सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(ण) प्रत्येक वर्ष नगर क्षेत्रभित्रको दरबन्दी मिलान कार्य तथा नयाँ विद्यालय खोल्न वा कक्षा थप गर्न वा तह थपको अनुमति दिन वा विद्यालय गाभ्न आवश्यक व्यवस्था गर्ने,

(त) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बेसाहरा तथा होटल मजदूर बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि शिक्षाको आवश्यक व्यवस्था मिलाउने,

(थ) उपयुक्त वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुधार तथा विकासका लागि निर्देशन दिने,

(द) विद्यालयमा न्यूनतम पूर्वाधार पूरा गरेका विद्यालयलाई प्राविधिक तथा व्यवसायिक कक्षा सञ्चालन गर्न अनुमति दिने,

(ध) वडा शिक्षा समितिबाट आएको सिफारिस बमोजिम आवश्यक कार्य गर्ने,

**१०. वडा शिक्षा समिति:** (१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति हुनेछ।

(क) वडाध्यक्ष वा निजले तोकेको सदस्य – अध्यक्ष

(ख) सम्बन्धित वडा क्षेत्रभित्र रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना अध्यक्ष – सदस्य

(ग) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरूमध्येबाट वडा शिक्षा समितिले मनोनीत एकजना दलित र एकजना महिला गरी दुईजना सदस्य – सदस्य

(घ) सम्बन्धित वडा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सम्बन्धित वडा शिक्षा समितिले मनोनीत गरेको दुईजना प्रध्यानाध्यापक – सदस्य

(ङ) सम्बन्धित वडा स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी वडा शिक्षा समितिबाट मनोनीत एक जना – सदस्य

(च) सम्बन्धित वडाको नगरकार्यपालिका सदस्य – सदस्य

(छ) वडा सचिव – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

तर मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेको नपाइएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) वडा शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

**११. वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) वडाभित्रका विद्यालयहरुको शैक्षिक क्रियाकलाप तथा मापदण्ड पालना गरे नगरेको, विद्यालयमा शिक्षक उपस्थित भई नगर शैक्षिक क्यालेण्डर अनुसार अध्यापन कार्य भए नभएको अनुगमन गर्ने

(ख) खण्ड (क) बमोजिम गरिएको अनुगमनबाट विद्यालयबाट सञ्चालित कार्य मापदण्ड बमोजिम नभएको पाइएमा कारबाहीका लागि नगर शिक्षा समितिलाई सिफारिस गर्ने,

(ग) शिक्षक र कर्मचारीका लागि स्विकृत दरवन्दी अनुसारका रिक्त पदहरुमा पदपूर्तिका लागि सिफारिस गर्ने,

(घ) छात्रवृत्तिका लागि उपयुक्त उम्मेदवारलाई सिफारिस गर्ने,

(ङ ) छात्रवृत्तिको विवरण अद्यावधिक गर्ने,

(च) भर्ना अभियान सञ्चालन गर्ने,

(छ) शिक्षा संबद्ध विषयमा विकासका साझेदारबाट हुने सहयोग सिफारिस गर्ने,

(ज) नगर शिक्षा क्यालेन्डर बमोजिम विद्यालय सञ्चालनका लागि समन्वय गर्ने,

(झ) विद्यालयहरुमा पाठ्य पुस्तक समयमै पुगे नपुगेका अनुगमन गर्ने,

(ञ) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(ट) ट्यूशन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुगमन गर्ने,

(ठ) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन गर्ने,

(ड) विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ढ) स्थानीयस्तरका खेलकुद संरचनाको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ण) वडास्तरीय खेलकुद प्रतियोगिताको संचालन तथा व्यवस्थापन गर्ने,

(त) वडाभित्रका विद्यालय व्यवस्थापन समितिको नियमित रुपमा आफ्नो काम कर्तव्य र अधिकार पालना नगरेको पाइएमा सचेत गराउने र सचेत गराउदा समेत तोकिए बमोजिम नगरे नगराएमा आवश्यक कारबाहीका लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने ।

(थ) शिक्षक अभिभावक संघलाई सक्रिय गराउने, अभिभावकलाई आफ्ना बालबालिकालाई अनिवार्य रुपमा विद्यालय अध्ययन गर्न पठाउन तथा शैक्षिक क्रियाकलापमा सहभागी गराई शिक्षाको गुणस्तर बढाउन परिचालन गर्ने,

(द) वडाभित्रका शिक्षा सम्बद्ध तथ्याङ्क वार्षिक रुपमा अध्यावधिक गर्ने,

(ध) नगर शिक्षा समितिबाट तोकिएका अन्य कार्यहरु गर्ने ।

**१२. <u>विद्यालय व्यवस्थापन समितिः</u>** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकहरूले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना अभिभावक *( प्राथमिक तहको हकमा एक महिला सहित दुई जना) – सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको वडा अध्यक्ष वा वडा सदस्य – १ जना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी वा विद्यालयलाई निरन्तर रुपमा उल्लेखनीय सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना व्यक्ति – सदस्य

(घ) ✕.........................................

(घ१) ☘विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना शिक्षक –सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्ढ र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समितिलाई दिने,

---

* प्रथम संशोधनद्वारा संशोधित

☘ प्रथम संशोधनद्वारा थप

✕ प्रथम संशोधनद्वारा झिकिएको

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाबाट खटिएर आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि नगर शिक्ष समितिको प्रतिनिधि, विद्यालयका चन्दादाता, संस्थापक, समाजसेवी, शिक्षाविद् र अभिभावकहरूको भेला गराई शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमहरुको सम्बन्धमा जानकारी गराउने र विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय सम्बन्धमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गराई नगर शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन कार्यालयमा पेश गर्ने,

(झ) विद्यालयको लागि चाहिने आवश्यक आर्थिक स्रोत जुटाउने,

(ञ) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(ट) रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिको लागि पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शिक्षा शाखामा अनुमति माग गर्ने गराउने,

(ठ) विद्यालय निरीक्षकले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ड) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा कार्यालयमा अनुरोध गर्ने,

(ढ) शिक्षक एवम् कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(ण) तोकिए बमोजिम प्रक्रिया र सूचकहरुको आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(त) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा तोकिए बमोजिम पदाधिकारी रहेको बढीमा ११ सदस्य शिक्षक अभिभावक संघ गठन गर्ने,

(थ) विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न उपयुक्त प्रस्ताव तयार गरी वडा शिक्षा समितिमा पेश गर्ने,

(द) वडा शिक्षा समिति तथा नगर शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरुको पलाना गर्ने गराउने

(थ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), ख), ग) बमोजिमका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

☘(५क) बालबालिकासँग सम्बन्धित बिषयमा छलफल गरिने बैठकमा सम्बन्धित विद्यालयको बाल क्लबबाट एक छात्र र एक छात्रा सहित दुई जनालाई आमन्त्रण गर्नुपर्नेछ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट निजहरुको सिफारिसमा मनोनित व्यक्तिएक जना – अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट एकजना महिला समेत पर्ने गरी अभिभावक भेलाबाट मनोनीत व्यक्ति दुईजना – सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरूमध्येबाट सम्बन्धित वडा समितिले मनोनितएकजना महिला सहित दुई जना – सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(७) मनोनित सदस्यको पदावधि मनोनीत भएको मितिले तीन वर्षको हुनेछ।

तर निज सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी मनोनयन गर्ने पदाधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(८) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधार एवं साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ, गुणस्तरयुक्त शैक्षिक वातावरण कायम राख्ने,

(ङ) प्रचलित कानुन बमोजिम तोकिएको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने साथै समयमै पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने।

(च) संघ वा प्रदेस शिक्षा सेवा आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकार र प्रदेश सरकारले तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब उपलब्ध गराउने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) नेपाल सरकार र प्रदेश सरकारको कानूनी निर्देशनहरूको पालना गर्ने,

(ञ) वर्षभरी शैक्षिक गतिविधिबारे कम्तिमा दश प्रतिशत बालबालिकाहरुलाई निःशुल्क पठनपाठन गराउने,

(ट) नगर शिक्षा समितिले निर्धारण गरको मापदण्ड अनुसार मात्र शुल्क लिने र लिन लगाउने,

(ठ) तोकिए बमोजिमको प्रक्रिया र सूचकहरुको आधारमा प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने,

(ड) विषय शिक्षकले कक्षकोठामा अध्यापन गरेको विषयवस्तुको आधारमा विद्यार्थीको शिक्षण सिकाई उपलब्धिको मूल्याङ्कन उपर वार्षिक रुपमा छलफल गरी अभिलेख राख्ने,

(ढ) बालबालिका उपर कुनै किसिमका हिंसा हुन नदिने वातावरण मिलाउने,

(ण) विद्यालयमा विद्युतीय प्रणालीबाट शिक्षण गराउन वातावरण मिलाउने,

(त) अभिभावक शिक्षाको लागि व्यवस्था गर्ने,

(थ) शिक्षक अभिभावक संघ गठन गर्ने,

(द) नगर शिक्षा समिति दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने र गराउने,

(ध) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

(९) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(१०) विद्यालय व्यव्सथापन समितिको आफ्नै छाप र लेटर प्याड हुनेछ।

(११) उपदफा (१०) बमोजिमको छाप र लेटर प्याड विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रयोग हुनेछ।

(१२) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य संघका एकजना प्रतिनिधि समेत सदस्य रहनेछ।

१३. **व्यवस्थापन समितिको पदाधिकारी हुन नसक्नेः** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) अन्य विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा रहेको,

१४. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा वा विद्यालयको सम्पत्ति हिनामिना गरेमा विद्यालय व्यवस्थापन समिति नगर शिक्षा समितिले विघटन गर्ने सक्नेछ। यस्तो विघटनको कार्यलाई सभाबाट अनुमोदन गरउनु पर्नेछ।

तर त्यसरी विघटन गर्नु अघि उक्त समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा तत्कालको लागि कार्य सञ्चालन गर्न नगर शिक्षा समितिले तोकिए बमोजिमको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

१५. **विद्यालय सार्ने, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:** (१) नगर शिक्षा समितिले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप वा तह थप गरी सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(२) विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने आधार र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) कुनै विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयको तह वा कक्षा घटाउन सक्नेछ।

(४) कुनै विद्यालय अर्को विद्यालयमा गाभिने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्रीको विवरण अद्यावधिक गरी गाभिए पश्चात अस्तित्वमा रहने विद्यालयमा हस्तान्तरण एवं जिन्सी दाखिला गरी अभिलेखमा आम्दानी बाँध्नु पर्नेछ।

१६. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था:** (१) प्रत्येक विद्यालयमा एक शिक्षक अभिभावक संघ हुनेछ।

(२) उपदफा (१) बमोजिमको संघ गठन गर्ने दायित्व सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको हुनेछ।

(३) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाको शर्त तथा योग्यता

१७. **शिक्षक तथा कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था:** (१) विद्यालय व्यवस्थापन समितिले विद्यालयका लागि विद्यार्थी संख्या र तोकिएको आधारमा आवश्यक दरबन्दी पहिचान गरी वडा शिक्षा समितिमा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले आवश्यक निर्णय गरी कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको अवस्थामा वा कार्यालयले आवश्यक देखेको खण्डमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी संख्या, अध्ययन–अध्यापनका विषय तथा वित्तीय स्रोतको सुनिश्चितता समेतका आधारमा सामुदायिक विद्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यालयलाई आवश्यक पर्ने स्थायी तथा करारका दरबन्दीको प्रस्ताव तयार गरी नगर शिक्षा समितिमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिमको संगठन संरचना र दरबन्दी नगर शिक्षा समितिले जस्ताको त्यस्तै वा परिमार्जन सहित स्वीकृत गर्न सक्नेछ।

१८. **शिक्षकको सेवाको शर्त:** (१) शिक्षकको सेवाका शर्त देहाय बमोजिम हुनेछन्

(क) शिक्षकले आफू नियुक्त भएको विषयको अनिवार्य रुपमा अध्यापन गर्नु पर्नेछ,

(ख) आफू विदा बस्नु परेको अवस्थामा विदा स्वीकृत गराएर मात्र विदा बस्नुपर्नेछ,

(ग) विद्यालयको शैक्षिक पात्रो अनुरुप आफ्नो विषयको शैक्षिक सामग्री र पाठ योजना विद्यालय प्रशासनबाट स्वीकृत गराई पालना गर्नु पर्नेछ,

(घ) कक्षाकोठामा अध्यापन गरेको विषयवस्तुको आधारमा विद्यार्थीको शिक्षण सिकाइ उपलब्धिको नियमित परीक्षण गरी अभिलेख कायम गर्नुपर्नेछ।

(ङ) शैक्षिक सत्र समाप्त हुनु अगावै आफूले अध्यापन गराउने विषयको पाठ योजना सम्पन्न गर्ने र सो को जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउनु पर्नेछ,

(च) तोकिए बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ,

(२) खण्ड (ख) बमोजिमको शिक्षक विदामा बसेको अवस्थामा कुनै पनि किसिमले नयाँ शिक्षक भर्ना गर्न पाइने छैन। त्यस्तो शिक्षकको विदाको अवधिभर विद्यालयले अध्यापनको वैकल्पिक व्यवस्था मिलाउनु पर्नेछ।

(३) उप दफा (१) बमोजिमको सेवको शर्त पालना गर्नु शिक्षकको कर्तव्य हुनेछ।

(४) शिक्षकको सेवाको अन्य शर्त प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

**१९. कर्मचारीको सेवाको शर्तः** (१) विद्यालयका कर्मचारीको सेवाका शर्त देहाय बमोजिम हुनेछः–

(क) विद्यालयमा नियमित उपस्थित भई दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) विद्यालयका शिक्षक, कर्मचारी एवं विद्यार्थीको लगत तथा अभिलेख अद्यावधिक बनाई राख्ने,

(ग) आफू विदा बस्नु परेको अवस्थामा प्रधानाध्यापकसँग स्वीकृति लिएर मात्र विदा बस्ने,

(घ) विद्यालय प्रशासनसँग सम्बन्धित प्रधानाध्यापकले तोकेका अन्य कार्य गने,

(ङ) तोकिएको आचार संहिता पालना गर्नु पर्ने,

(२) उपदफा (१) बमोजिमको सेवाको शर्त पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

(३) कर्मचारीको सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ।

**२०. शैक्षिक योग्यताः** विद्यालयको शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता प्रचलित कानून बमोजिम हुनेछ।

**२१. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक विद्यालयले अन्य कार्यमा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार, राष्ट्रिय वा प्रदेश वा नगरपालिकास्तरका अभियान वा प्रचलित कानुन बमोजिमको अन्य काममा खटाउन सकिनेछ ☘साथै नगरपालिकाको शिक्षा शाखामा कामकाज गर्नका लागि आवश्यक परेमा कुनै पनि शिक्षकलाई नगरप्रमुखको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतले थप जिम्मेवारी सहित नगरपालिकाको शिक्षा शाखामा काजमा खटाउन बाधा पुऱ्याएको मानिने छैन।

☘ प्रथम संशोधनद्वारा थप

२२. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** विदा स्वीकृत गराई बसेको वा शैक्षिक प्रयोजनका लागि काजमा रहेको वा दफा (१९) को उपदफा (२) बमोजिमको काममा खटिएको अवस्था बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

**परिच्छेद ५**

**शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, वृत्ति विकास, सजाय तथा सेवाको सुरक्षा**

२३. **शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था:** शिक्षक तथा कर्मचारीको नियुक्ति प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्न सकिनेछ।

२४. **शिक्षकको सरुवा सम्बन्धी व्यवस्था:** (१) नगरपालिका क्षेत्रभित्र एक विद्यालयवाट अर्को विद्यालयमा, समान तह तथा विषय मिल्ने दरबन्दीमा वडा शिक्षा समितिको सिफारिसमा शिक्षकको सरुवा गर्न सकिनेछ।

☘(१क) आवश्यकताका आधारमा अस्थायी, करार तथा राहत शिक्षकहरुलाई नगरपालिकाभित्रका विद्यालयमा नगर शिक्षा समितिले सरुवा गर्न र पदस्थापन गर्न सक्नेछ।

☘(१ख) कुनै पनि विद्यालयमा रिक्त रहेको दरबन्दीमा सरुवा गर्नु परेमा नगर शिक्षा समितिको अध्यक्षको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ।

(२)☘ दरबन्दी मिलान बाहेकको सामान्य परिस्थितीमा शिक्षकको सरुवा सामान्यतया प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा गरिनेछ ।

☘(३) शिक्षकहरुको शिक्षण सिकाई क्रियाकलापको मुल्यांकनको आधारमा समेत नगर शिक्षा समितिले कुनै पनि बेला सरुवा गर्न सकिनेछ।

(४) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा नगर शिक्षा समितिले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ।

☘(५क) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिम मापदण्डको आधारमा गर्नु पर्नेछः

(क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित वडा शिक्षा समितिको सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयको शिक्षक भएमा,

(ग) दरबन्दी मिलान गर्दा सरुवा गर्न आवश्यक देखिएमा,

(घ) विपद्का कारणबाट विद्यालय र विद्यालयमा रहेको समूदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा नगरपालिकाको

☘ प्रथम संशोधनद्वारा थप

विपद् व्यवस्थापन समितिको सिफारिस भएमा,

(ङ) शिक्षक सरुवा सम्बन्धी अन्य मापदण्ड नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

☘(५ख) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई नीजको अनुमति विना एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

☘(५ग) सरुवा भएको सात दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमाना दिई सोको जानकारी नगरपालिकाको शिक्षा शाखालाई दिनु पर्नेछ । यदि प्रधानाध्यापकको सरुवा भएमा विद्यालय व्यवस्थापन समितिले अर्को शिक्षकलाई निमित्त प्रधानाध्यापक तोकी सोही समयभित्र रमाना दिने व्यवस्था मिलाउनु पर्नेछ ।

☘(५घ) सम्बन्धित शिक्षकको सहमति भएमा दफा २४ ☘(१ख) बमोजिम नगरपालिका भित्रका विद्यालयमा सरुवा गर्न विद्यालयको सिफारिस आवश्यकता पर्ने छैन ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष कारणवश कुनै शिक्षकलाई सरुवा नगरी नहुने परिस्थिति परेमा त्यसको कारण खुलाइ वडा शिक्षा समितिको सिफारिश र नगर प्रमुखको अनुमतिमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो नगरपालिका क्षेत्रभित्र सरुवा गर्न सक्नेछ ।

☘**२४क. <u>दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी व्यवस्था:</u>** (१) नगरपालिका भित्रका सामूदायिक विद्यालयमा नगर शिक्षा समितको निर्णयले स्थायी, अस्थायी, करार र राहतमा कार्यरत शिक्षक तथा रिक्त रहेका त्यस्ता दरबन्दीको दरबन्दी मिलान तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) दरबन्दी मिलान अवश्यकता अनुसार शैक्षिक सत्र भरी जुनसुकै बेला गर्न सकिनेछ ।

**२५.<u>अन्तर स्थानीय तह तथा ☘*जिल्लान्तर* शिक्षक सरुवा सहमति सम्बन्धी:</u>** (१) अन्तर स्थानीय तह सरुवा भईजान चाहने शिक्षकले आफू सेवारत विद्यालयको सरुवा सहमतिको सिफारिश, वडा शिक्षा समितिको सिफारिश सहित निवेदन दिएमा दफा २४ बमोजिमको अवस्था पूरा भएको, सामान्यतया तीन वर्ष स्थायी सेवा अवधि पूरा गरेको शिक्षकलाई सरुवा सहमति दिन सकिनेछ ।

☘(१क) दफा २४ को मापदण्ड पूरा गरेर निवेदन आएमा जिल्लान्तर सरुवा सहमति दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सरुवाका लागि नगर शिक्षा समितिको सहमति आवश्यक पर्नेछ ।

(३) अन्तर स्थानीय तह शिक्षक सरुवा गर्न आवश्यक भएमा मात्र नगर शिक्षा समितिको सहमतिमा संघीय तथा प्रदेश शिक्षा ऐन बमोजिम हुनेछ ।

**२६. <u>करार शिक्षक नियुक्तिको अनुमति सम्बन्धी:</u>** (१) विद्यालयमा रिक्त रहेको दरबन्दीमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिको निणर्य सहित कार्यालयमा विज्ञापनको लागि अनुमति माग भएमा त्यस्तो नियुक्तिको प्रक्रिया अगाडी बढाउन अनुमति दिन सकिनेछ ।

☘ प्रथम संशोधनद्वारा थप

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त भएको अवस्थामा तोकिए बमोजिमको प्रतिस्पर्धा प्रणालीबाट मात्र करारमा शिक्षक नियुक्त गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्ति गर्दा विद्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्न सकिनेछ।

(४) यस्तो नियुक्ति गर्दा नगरपालिकालाई आर्थिक दायित्व पर्ने रहेछ भने नगरपालिकाको पूर्व स्वीकृति नलिई कुनै पनि नियुक्ति गर्न सकिने छैन।

(५) करारमा शिक्षक नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२७.सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी, छनौट तथा सिफारिस समिति सम्बन्धि व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको शिक्षक तथा कर्मचारी छनौट तथा सिफारिस समिति रहनेछः

(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) शिक्षा अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको *शिक्षा शाखाको कर्मचारी – सदस्य

(ग) शिक्षा क्षेत्रमा काम गरेको सम्बन्धित विषयको विषय विज्ञ एकजना – सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(२) करार शिक्षक छनौटको कार्य कार्यालयले तोकेको स्थान सञ्चालन हुनेछ।

(३) शिक्षक छनौट तथा सिफारिस समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि र अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

(४) सम्बन्धित स्रोत व्यक्तिलाई करार शिक्षक नियुक्तिका लागि छनौट तथा सिफारिस समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(५) उपदफा १ को खण्ड (ग) बमोजिमको सदस्यको पदाअधि ३ वर्षको हुनेछ। थप अवधिका लागि निजको पुनः मनोनयन हुन सक्नेछ।

तर निजले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा मनोनयन गर्ने पदाधिकारी वा संस्थाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने पर्नेछ।

☘(४क) उपदफा १ को खण्ड (ग) बमोजिमका लागि नगरपालिकाको शिक्षा शाखामा रहेको विज्ञहरुको सूचीबाट छनौट गर्नु पर्नेछ

**२८.सामुदायिक विद्यालयमा कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा आवश्यक पर्ने कर्मचारीको नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

☘ प्रथम संशोधनद्वारा थप

* प्रथम संशोधनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्दा विद्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा प्रतिस्पर्धात्मक प्रणालीबाट मात्र गर्न सकिनेछ । यस्तो नियुक्ति गर्दा स्थानीयलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) कर्मचारी नियुक्ति सम्बन्धमा नगरपालिकालाई आर्थिक दायित्व पर्ने रहेछ भने नगरपालिकाको पूर्व स्वीकृति नलिई कुनै पनि नियुक्ति गर्न सकिने छैन ।

**२९. शिक्षक तथा कर्मचारीको वृत्ति विकास सम्बन्धी व्यवस्था:** शिक्षक तथा कर्मचारीको वृत्ति विकासका लागि नगरपालिकाले माग र आवश्यकताका आधारमा कार्ययोजना बनाई क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३०. शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा:** विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा प्रचलित कानून बमोजिम हुनेछ ।

**३१. शिक्षकको अनुशासन र आचरण:** विद्यालयका शिक्षकको अनुशासन र आचरण प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमका अतिरिक्त नगरपालिकाले आचरण सम्बन्धी व्यवस्था थप गर्न सक्नेछ ।

**३२. शिक्षक तथा कर्मचारीले गर्न नहुने गरी निषेध गरिएको:** (१) विद्यालयका शिक्षक तथा कर्मचारीले देहायका कार्य गर्न पाउने छैनः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्न,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गर्न,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गर्न,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गर्न,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिन,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन कार्यालयबाट अनुमति नलिई गर्न, विद्यालय व्यवस्थापन समितिको अनुमति बिना विद्यालय समयभित्र अनुपस्थित हुन,

(ज) विद्यालयको सम्पत्ति हिनामिना वा मस्यौट गर्न,

(झ) मादक पदार्थ तथा सूर्तिजन्य पदार्थ सेवन गरी विद्यालयमा उपस्थित हुन,

*(ञ) राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य हुन,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति" भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय तहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

(ट) विद्यालयसँग प्रत्यक्ष सम्बन्ध नराख्ने संघ संस्थाहरु, सामुदायीक वन जस्ता निकायमा सामेल हुन,

(ठ) विद्यलाय प्रशासनको स्वीकृति बिना विदा लिन एवं कक्षा सञ्चालनको समयमा कक्षा बाहिर हुन,

* प्रथम संशोधनद्वारा संशोधित

(ड) बिना तयारी वा बिना शैक्षिक सामाग्री कक्षा कोठामा उपस्थित हुन,

(ढ) कुनै शिक्षक तथा कर्मचारी विद्यालयमा २३५ दिन भन्दा कम उपस्थित हुन,

(ण) प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिसँग गरेको शैक्षिक कार्यसम्पादन विपरीत कार्य गर्न र शिक्षकले प्रधानाध्यापकसँग गरेको शैक्षिक कार्यसम्पादन करार विपरीत कार्य गर्न ।

(२) उपदफा (१) को कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई नगरपालिकाले प्रचलित कानून बमेजिमको कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

**३३. सजाय तथा पुनरावेदनः** विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीको सजाय तथा पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

**३४. नगर परीक्षा समितिः** (१) आधारभूत तहको अन्तमा लिइने परीक्षाको सञ्चालन र व्यवस्थापनको लागि नगर शिक्षा समितिको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी देहायको एक नगर परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट नगर शिक्षा समितिको सिफारिसमा मनोनित एक महिला सहित दुई जना शिक्षक – सदस्य

(ग) संयोजकले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना – सदस्य

(घ) शिक्षा अधिकृत वा *शिक्षा शाखाको कर्मचारी – सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि मनोनित भएको मितिले तीन वर्षको हुनेछ । तर मनोनीत सदस्यको कार्य सन्तोषजनक नभएमा संयोजकले जुनसुकै समयमा हटाउने सक्नेछ ।

तर त्यसरी हटाउनु अघि त्यस्तो मनोनित सदस्यलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

**३५. नगर परीक्षा समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षा केन्द्र तोक्ने,

(ग) आवश्यकता अनुसार विद्यालयलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(घ) परीक्षाफल प्रकाशित गर्ने तथा परीक्षार्थीलाई प्रमाण पत्र दिने,

* प्रथम संशोधनद्वारा संशोधित

(ङ) बजेटको बाँडफाँड गर्ने, संस्थागत विद्यालयको परीक्षा शुल्क निर्धारण तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(च) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(छ) प्राकृतिक प्रकोप वा कुनै विपद् वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्त आवश्यक निर्णय लिने,

(ज) नगर शिक्षा समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**३६. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) नगर परीक्षा समितिले आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन र व्यवस्थापन गर्नेछ ।

(२) नगर शिक्षा समितिले माध्यमिक तहको परीक्षा सञ्चालनका लागि आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमबाहेकका आधारभूत तथा माध्यमिक तहको परीक्षा सञ्चालन नगर परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिले गर्नेछ।

**परिच्छेद ७**

## विविध

**३७. शिक्षाको माध्यमः** (१) विद्यालय शिक्षाको माध्यम नेपाली वा अग्रेजी वा दुवै भाषा हुनेछ।

(२) आधारभूत तहको कक्षा १ देखि ५ सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

(३) मातृ भाषाको प्रबर्द्धनका लागि नगरपालिकाले विशेष अनुदानको व्यवस्था गर्नेछ।

(४) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

☘**३७क. अनलाईन माध्यामबाट पठानपाठन सम्बन्धीः** (१) कक्षा ११ र १२ मा विज्ञान विषय पठनपाठन हुने र प्राविधिक धारको विषय पठनपाठन हुने विद्यालयमा पटक पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा विज्ञापन गर्दा समेत कुनै पनि विषयको शिक्षक उपलब्ध हुन नसकेमा तोकिए बमोजिमको पाठ घण्टा पठनपाठन हुने गरी अनलाइन कक्षा सञ्चालन गर्न नगर शिक्षा समितिले निर्णय गरी अनुमति दिन सक्नेछ।

तर यस्तो व्यवस्था भौतिक रुपमा अध्यापन गर्ने शिक्षक प्राप्त हुनसाथ स्वतः खारेज हुनेछ।

**३८. प्रारम्भिक बालविकास केन्द्र स्थापनाः** (१) कुनै संस्था वा विद्यालयले प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

☘ प्रथम संशोधनद्वारा थप

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्न तोकिएको मापदण्ड तथा प्रक्रिया पूरा भई अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी वडा समितिले अनुमति दिन सक्नेछ।

तर नगरपालिकालाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा नगरपालिकाको पूर्व अनुमति लिनु पर्नेछ।

(३) कुनै संस्थाले उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरूप प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन नगरेमा वडा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

तर त्यसरी रद्द गर्नु अघि त्यस्तो संस्थालाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३९. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२) यस ऐन बमोजिम अनुमति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल अचल सम्पत्ति अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाले सामुदायिक वा सार्वजनिक हितका अन्य कार्यमा प्रयोग गर्न सक्नेछ

(३) सामुदायिक विद्यालयले शैक्षिक अभिवृद्धिका लागि अचल सम्पत्ति प्रयोग गर्न सक्नेछ। अचल सम्पत्तिको व्यवसायिक प्रयोग गर्नु अघि नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) सामुदायिक विद्यालयको चल सम्पत्ति शैक्षिक अभिवृद्धिका लागि प्रयोग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भए बमोजिम हुनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामूदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन बाधा पर्ने छैन।

(७) नगरपालिका क्षेत्रभित्र स्वदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त चल अचल सम्पत्ति शिक्षण संस्थाको नाममा हुनुपर्नेछ। कसैले व्यक्तिगत या अन्यत्र राखेको भएमा पनि यो ऐन लागु भएको मितिले छ महिनाभित्र सम्बन्धित विद्यालयको नाममा हस्तान्तरण गरिसक्नु पर्नेछ।

**४०. विद्यालयलाई छुट र सुविधाः** (१) सामुदायिक विद्यालयको नाममा सम्पत्तिको लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने भए नगरपालिकाले त्यस्तो दस्तुरको व्यवस्था मिलाउनेछ।

(२) शैक्षिक गुठीको रुपमा सञ्चालन हुने संस्थागत विद्यालयको सम्पत्तिको लिखत पारित गर्दा नगरपालिकामा कुनै दस्तुर लाग्ने छैन।

**४१. शुल्क सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा शुल्क लिन पाउने छैन।

(२) संस्थागत विद्यालयले नगर शिक्षा समितिले तोकेको मापदण्ड बमोजिम शुल्क निर्धारण गर्नु पर्नेछ ।

४२. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति, जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । त्यसरी प्रदान गरिएको छात्रबृत्तिको विवरण विद्यालयमा सार्वजानिक गरी एक प्रति नगर कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(२) व्यवस्थापन समितिले उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

४३. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्ने पूर्वाधार तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाले तोकिएको मापदण्ड पुरा गर्ने विद्यालयलाई विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(४) विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण एवं दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

४४. **धार्मिक तथा अन्य विद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमाः** १) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गरेका वा विदेशी दातृ निकायको सहयोगमा सञ्चालित सामूदायिक विद्यालय एवं निजी होस्टलको व्यवस्थापन र सञ्चालन यसै ऐन बमोजिम हुनेछ ।

(२) गुम्बा वा गोन्पा, गुरुकुल, आश्रम, मदरसासमेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी संघीय, प्रदेश कानून तथा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरेको पोशाक प्रयोग नगरेमा नगरपालिकाले विद्यालयलाई जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना रकम नगरपालिकाले तोके बमोजिम हुनेछ ।

४५. **अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः** (१) विद्यालयहरूले नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

(२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) विद्यालयहरूले प्रत्येक शुक्रबार अपरान्ह पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

४६. **विद्यालय शिक्षक तथा विद्यार्थीको पोशाक सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीको पोशाकमा एकरुपता ल्याउने गरी पोशाक निर्धारण गर्न सक्नेछ।

(२) सामुदायिक तथा संस्थागत विद्यालयले उपदफा (१) बमोजिम निर्धारण भएको पोशाकको पालना गर्नु पर्नेछ।

४७. **प्रधानाध्यापकको छनौट, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था:** (१) विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति अनुभव, योग्यता, तालिम र व्यवस्थापन सीप कार्याविधि समेतको आधारमा तोकिए बमोजिम हुनेछ।

(३) नगर शिक्षा समितिले विद्यालयको प्रशासनिक, शैक्षिक, व्यवस्थापकीय पक्षलगायत अन्य पक्षहरुमा सुधार गर्ने प्रस्ताव आव्हान गरी शिक्षकहरु मध्येबाट प्रतिस्पर्धा गराइ कार्य सम्पादन करारको आधारमा प्रधानाध्यापकको नियुक्ति गर्न सक्नेछ

४८. **पाठ्यक्रम र पाठ्यसामाग्री:** (१) विद्यालयहरूमा पठन पाठन हुने पाठ्यक्रम प्रचलित कानून बमोजिम हुनेछ।

(२) नगरपालिकाले संघीय र प्रदेश कानून प्रतिकूल नहुने गरी आफ्नो विशिष्ट आवश्यकता बमोजिमका थप पाठ्यक्रम बनाई लागू गर्न सक्नेछ।

(३) कार्यालयले आवश्यक कार्ययोजना निर्माण गरी समयमै सहज रुपमा विद्यार्थी समक्ष पाठ्य सामाग्री उपलब्ध गराउनु पर्नेछ।

४९. **विद्यालयको विदा सम्वन्धमा:** (१) कार्यपालिकाले नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादाम्यता कायम हुने गरी विद्यालयको सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ।

(२) विद्यालय व्यवस्थापन समितिले नगरपालिकाको स्वीकृति लिइ एक शैक्षिक वर्षमा बढीमा ५ दिन स्थानीय आवश्यकता अनुसार विद्यालयमा विदा दिन सक्नेछ।

(३) वर्षमा कम्तीमा २ सय ३५ दिन शिक्षक विद्यालयमा हाजिर भई अध्यापन गर्नु पर्नेछ।

(४) यस ऐनमा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई तोकिए बमोजिम विभागीय कारबाही गरिनेछ।

(५) आधारभूत विद्यालयका शिक्षकको विरामी विदा र भैपरी विदाको नियमन वडा शिक्षा समितिले र माध्यमिक शिक्षकको विरामी विदा र भैपरी विदाको नियमन प्रमुख प्रशाकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ।

(५क) शिक्षकहरुलाई पाँच दिन वा सो भन्दा बढी बिदा दिनु परेमा प्रधानध्यापकले वडा शिक्षा समितिबाट अनिवार्य रुपमा सहमति लिने वा सो भन्दा कम विदा लिएमा वडा शिक्षा समितिको अध्यक्षलाई जानकारी गराउनु पर्नेछ।

☘४९क. **हाजिर प्रमाणित र स्टाफ बैठक सम्बन्धमाः (१)** विद्यालयमा कार्यरत शिक्षकहरुको हाजिर सम्बन्धित वडा शिक्षा समितिको अध्यक्षबाट अनिवार्य प्रमाणित भएको हुनुपर्नेछ।

(२) प्रत्येक विद्यालयमा नियमित रुपमा हप्ताको शुक्रवारको दिन स्टाफ बैठक बस्नु पर्नेछ।

**५०. अनुदान कटौती गरिनेः** कुनै विद्यालयले तोकिएको अवधिसम्म शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकममा नगरपालिकाले तोकिए बमोजिम कटौती गर्न सक्नेछ।

**५१. लेखापरीक्षण, बेरुजु अभिलेख, बेरुजू फछ्र्यौट र सम्परीक्षणः** विद्यालयको आय, व्यय र सम्पत्तिको आन्तरिक तथा अन्तिम लेखापरीक्षण, बेरुजू अभिलेख, बेरुजू फछर्यौट र सम्परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५२. अनुमति लिन पर्नेः** (१) कुनै संस्था वा व्यक्तिले देहायको शिक्षासँग सम्बन्धित देहायका सेवा सञ्चालनको लागि नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछः–

(क) विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा,

(ख) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा।

(२) उपदफा (१) का सेवालाई सेवा व्यवसायका रुपमा नगरपालिकामा दर्ता नगराई सञ्चालन गर्न पाइनेछैन।

(३) गैर सरकारी संघ, संस्थाले भौतिक निर्माण, शिक्षक तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्दा कार्ययोजना सहित नगरपालिकाबाट स्वीकृति लिएर सञ्चालन गर्नुपर्नेछ।

**५३. अधिकार प्रत्यायोजनः** यस ऐन अन्तर्गत कुनै समिति वा पदाधिकारीले गर्ने भनी उल्लेख भएको अधिकार त्यस्तो समितिले उपसमिति वा पदाधिकारीलाई र पदाधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार अन्तर्गत भएका कार्यहरुको प्रतिवेदन अधिकार प्रत्यायोजन गर्ने समिति वा पदाधिकारी समक्ष वार्षिक रुपमा गर्नु प्रत्यायोजित अधिकार प्रयोग गर्ने उपसमिति वा पदाधिकारीको कर्तव्य हुनेछ।

**५४. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

**५५. खारेजी र बचाउः** (१) यो ऐन बन्नु अघि शिक्षा सम्बन्धमा कार्यपालिकाको निर्णयबाट भएका कार्य वा नगरप्रमुख वा नगर शिक्षा समितिको निर्णय वा प्रचलित कानून बमोजिम भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ।

☘ प्रथम संशोधनद्वारा थप

* प्रथम संशोधनद्वारा संशोधित